- **Zumba Dance कार्यक्रम सम्पन्न**

(२०८२ असार १७ गते):

आज मिति २०८२ असार १७ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको उपस्थितिमा यस केन्द्रको साप्ताहिक कार्यक्रम अन्तर्गत अतिरिक्त क्रियाकलाप "Zumba Dance" कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा यस केन्द्रका सह- समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक आशिस पोखरेलज्यू, प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत हाल यस केन्द्रमा प्रशिक्षणरत प्रहरी जवान आधारभूत तथा उन्नत तालिमका प्रशिक्षार्थीहरु समेतको सहभागीता रहेको थियो



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न:**

(२०८२ असार १८ गते): २०८२ असार ०३ गते बाट संचालन भईरहेको साइबर अपराध अनुसन्धान (सि.प्र.अ. देखि जु.प्र.अ.) तालिम प्रथम समूहको पाठ्यक्रम कार्यतालिका बमोजीम आज मिति २०८२ असार १८ गते धनकुटा जिल्लाको साँगुरीगढी गाँउपालिका वडा नं ०५, भेडेटार देखि सोही गाँउपालिकाको ओख्रे भिउ टावर, सम्मको प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा यस केन्द्रका निमित्त समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू , प्रहरी निरीक्षक सन्दिप कार्कीज्यू, जुनियर प्रहरी अधिकृतहरू,प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।



- **प्यानल छलफल तथा समापन कार्यक्रम सम्पन्न**

(२०८२ असार २२ गते):

मिति २०८२ असार ०३ गते बाट यस केन्द्रमा संचालन भएको १७ कार्यदिन अवधिको साइबर अपराध अनुसन्धान (सि.प्र.अ. देखि जु.प्र.अ.) तालिम प्रथम समूहको आज मिति २०८२ असार २२ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, नेपाल टेलिकम प्रादेशिक निर्देशनालय, विराटनगरका उप-प्रबन्धक प्रशान्त बाबु तिवारीज्यू, कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरका पार्देशीक अनुसन्धान समुहका प्रमुख प्रहरी नायव उपरीक्षक दुर्गा प्रसाद दाहालज्यू, यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू, समेतको उपस्थितिमा साइबर अपराध अनुसन्धान बिरूद्का मुद्दाहरूमा सरोकारवाला निकायहरूको भुमिका विषयमा प्यानल छलफल कार्यक्रम सम्पन्न भयो। प्यानल छलफल पश्चात् यस केन्द्रका समादेशकज्यूको प्रमुख आतिथ्यतामा उक्त तालिमको समापन कार्यक्रम सम्पन्न भयो। समापन समारोहमा प्रमुख अतिथिज्यूले दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्य निष्ठ हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो। उक्त कार्यक्रममा तालीम संयोजक सह- समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक सन्दिप कार्कीज्यू, प्रहरी निरीक्षक आशिस पोखरेलज्यू, प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतहरू, प्रशिक्षक वर्गहरू, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न**

(२०८२ असार २४ गते):

तालुक नेपाल प्रहरी प्रधान कार्यालय बढुवा समिति सचिवालयको मिति २०८२।०३।२३ गतेको निर्णयानुसार जनपद प्रहरी समूहतर्फको प्रहरी सहायक हवल्दार बाट प्रहरी हवल्दार पदमा र प्रहरी जवान पदबाट प्रहरी सहायक हवल्दार पदमा पदोन्नती हुनु भएका प्रहरी कर्मचारीहरुलाई आज मिति २०८२।०३।२४ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सुसम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नती हुनु भएका प्रहरी कर्मचारीलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नु भई बधाई तथा शुभ कामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारी प्रति अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ भई राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्य सम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो। उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरु , जुनियर प्रहरी अधिकृतहरु तथा प्रशिक्षक वर्गहरु समेतको उपस्थिति रहेको थियो।



- **सर्पदंश सम्बन्धि अनुशिक्षण एवं सचेतनामूलक कार्यक्रम सम्पन्न**

(२०८२ असार २६ गते):

आज मिति २०८२ असार २६ गते कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगर, र सहकार्यमा यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरमा एक दिने निःशुल्क सर्पदंश सम्बन्धि सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

सर्पदंशमा कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, ईटहरी उप-महानगरपालिका प्रवक्ता र सामुदायिक सर्पदंश उपचार केन्द्र ईटहरीका संचालक समितिका अध्यक्ष दिवश पोखरेलज्यू र युवा विकास केन्द्रका कार्यकारी निर्देशक तथा सामुदायिक सर्पदंश

उपचार केन्द्र ईटहरीका संचालक समितिका सदस्य निराजन खड्काज्यू, सहित टोलीको सहभागिता रहेको थियो।

कार्यक्रममा तालिम केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक ऋषिराज ढकालज्यू, प्रहरी निरीक्षक मिलन थापाज्यू, प्रहरी निरीक्षक आशिस पोखरेलज्यू, प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बुज्यू, प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतज्युहरु, प्रशिक्षकवर्ग लगायतका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।



- गुरु पुर्णिमाको अवसरमा गुरुबावर्गहरुलाई सम्मान कार्यक्रम सम्पन्न:
  (२०८२ असार २६ गते):
  आज मिति २०८२ असार २६ गते कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरमा "गुरु पुर्णिमाको अवसरमा गुरुबावर्गहरुलाई" सम्मान कार्यक्रम सम्पन्न भएको छ।

  उक्त कार्यक्रममा तालिम केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बुज्यू, प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतज्युहरु, प्रशिक्षकवर्ग लगायत प्रशिक्षार्थीहरुको उपस्थिति रहेको थियो।

